# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २ रिब्दीकोट कार्तिक ११, २०७५ साल संख्याः १**

**भाग – २**

**रिब्दीकोट गाउँपालिका**

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम योगदानमा आधारित निवृत्तभरण प्रणाली सम्बन्धी कार्यविधी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## योगदानमा आधारित निवृत्तभरण प्रणाली सम्बन्धी कार्यविधी, २०७५

कार्यपालिकाबाट पारित मिति २०७५।०७।११

प्रस्तावना

साविक गाउँविकास समितिहरुमा कार्यरत स्थानीय सेवाको स्थायी कर्मचारीहरुले अवकाश पछि पाउने निवृत्तभरण, उपदान वा अन्य सुविधाहरुलाई व्यवस्थित गर्ने सम्बन्धमा योगदानमूलक कोषको स्थापना तथा सञ्चालन गर्न वाच्छनिय भएकाले यो कार्यविधि तयार गरिएको छ ।

परिच्छेद -१

प्रारम्भिक

१ संक्षिप्त नाम र परिभाषा :

१) यसको नाम योगदानमा आधारित निवृत्तभरण कोष २०७५, रहनेछ ।

२. यो तुरुन्त लागु हुने छ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) "कर्मचारी" भन्नाले साविक गाउँविकास समितिमा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारी सम्झनु पर्छ ।

ख) "अवकाश" भन्नाले कर्मचारीको सेवा शर्त सम्बन्धी कानून बमोजिम उमेर वा सेवा अवधिको कारण हुने अवकाश सम्झनु पर्छ र सो शब्दले जुनसुकै कारणले सेवा निवृत भएको अवस्थालाई समेत जनाउन्छ ।

ग) "कार्यालय" भन्नाले रिब्दीकोट गाउँकार्यापालिकाको कार्यालय सम्झनु पर्छ ।

घ) "कोष" भन्नाले सम्बन्धित व्यक्ति र रिब्दीकोट गाउँकार्यापालिकाको कार्यालयवाट रकम जम्मा गरेको कोषलाई सम्झनु पर्छ ।

ङ "योगदानमूलक निवृत्त भरण" प्रणाली भन्नाले कर्मचारीको मासिक तलबबाट रकम कट्टा गरी कोषमा जम्मा गर्ने र सो कोषमा गाउँपालिकाको तर्फवाट त्यतिनै रकम प्रदान गर्ने प्रणाली सम्झनु पर्छ ।

च) व्यक्तिगत खाता : कर्मचारीको नाममा रहेको व्यक्तिगत निवृतभरण खाता सम्झनु पर्छ ।

## परिच्छेद-२

३. कोषको स्थापना :

कर्मचारीलाई निवृतभरण,उपदान लगायतको अन्य रकम समेत उपलब्ध गराउने प्रयोजनका लागि एक कोष स्थापना गरिने छ ।

४. कोषमा रहने रकम :

कोषमा देहाय बमोजिमको रकम रहने छ ।

क) कर्मचारीको मासिक तलवबाट १०% कट्टा गरिएको रकम र त्यतिनै गाउँपालिकाबाट थप गरिएको रकम ।

ख) कोषको रकममा प्राप्त ब्याज, लाभांश तथा मुनाफा समेतको रकम ।

ग) कोषमा प्राप्त अन्य रकम ।

घ) साविक गाउँविकास समिति रहदाँको अवस्था देखि नै कुनै स्थायी कर्मचारीको रकम कट्टी गरी राखिएको भएमा निजको रकम समेतलाई यस कोषमा निजको व्यक्तिगत खातामा राखिने छ ।

ङ) उक्त कोषको रकमलाई राष्ट्रिय वाणिज्य वैंक, हार्थोक शाखामा खाता खोली जम्मा गरिने छ ।

## परिच्छेद -३

५. योगदानमूलक निर्वतभरण प्रणालीलाई भरपर्दो र प्रभावकारी, दिगो बनाउन,मितव्ययी र व्यवस्थितरुपमा कोषणको सम्पादन गर्न एक समिति रहने छ ।

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. गा.पा.को लेखापाल | सदस्य |
| ३. सम्बन्धित कर्मचारी | सदस्य |

माथि उल्लेखित समितिको वैठक आवश्यकता अनुसार बस्नेछ र काम कर्तव्य र अधिकार देहाय बमोजिम रहने छ ।

क) कोषलाई दिगो, भरपर्दो र व्यवस्थित बनाउन आवश्यक कार्य गर्ने,

ख) यस कार्यविधि अनुसार निवृत्तभरण वा उपदान उपलब्ध गराउनु पर्ने कर्मचारीलाई सरल ढङ्गले रकम पाउने व्यवस्था गर्ने,

ग) मितव्ययी र व्यवस्थित रुपमा कोषको सञ्चालन गर्ने,

घ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

६ निवृत्तभरण कोषमा कर्मचारीको योगदान :

(१) गाउँपालिकाले कर्मचारीको मासिक तलबबाट १०

प्रतिशतले हुन आउने रकम कट्टा गरी सो मा गाउँपालिकाको तर्फवाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी वेतलबी वा असाधारण विदामा रहेको वा निलम्बन भएकोमा त्यस्तो विदामा रहेको वा निलम्बन भएको अवधिभर कोषमा रकम जम्मा गरिने छैन । तर त्यस्तो कर्मचारीलाई लगाइएको अभियोग प्रमाणित नभई निलम्बन फुकुवा भएमा कार्यालयले निजले पाउने तलब वापतको रकमबाट कट्टा गरी निलम्बनमा रहेको अवधिको उपदफा (१) बमोजिमको एकमुष्ट रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) कोषले यस दफा बमोजिम कार्यालयबाट प्राप्त भएको रकम तोकिएको अवधिभित्र कर्मचारीको व्यक्तिगत खातामा नियमित रुपले जम्मा गर्नु पर्नेछ ।

७. कर्मचारीको व्यक्तिगत निवृत्तभरण खाता :

(१) प्रत्येक कर्मचारीको लागि कोषमा छुट्टै व्यक्तिगत निवृत्तभरण खाता रहनेछ ।

(२) कोषले सेवामा कार्यरत कर्मचारीको मासिक तलबबाट कट्टा भई प्राप्त भएको रकम, गाउँपालिकावाट थप भएको रकम, सो को ब्याज र कोषले आर्जन गरेको मुनाफाको तोकिए बमोजिमको रकम कर्मचारीको व्यक्तिगत खातामा जम्मा गर्नु पर्ने ।

(३) कोषले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र कर्मचारीको व्यक्तिगत खातामा जम्मा भएको रकम, सोको ब्याज तथा मुनाफा समेत जोडी त्यसको विवरण अद्यावधिक गर्नु पर्नेछ ।

(४) कर्मचारीको व्यक्तिगत खातामा जम्मा भएको रकमको

विवरण सरल र सहज किसिमले हेर्न वा त्यस्तो विवरणको प्रति चाहेको बखत सम्बन्धित कर्मचारीले प्राप्त गर्न सक्ने गरी कोषले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

८. निवृत्तभरण कोषमा कर्मचारीको योगदान :

(१) कार्यालयले कर्मचारीको मासिक तलबबाट १० प्रतिशतले हुन आउने रकम कट्टा गरी सो मा गाउँपालिकाको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी वेतलबी वा असाधारण विदामा रहेको वा निलम्बन भएकोमा त्यस्तो विदामा रहेको वा निलम्बन भएको अवधिभर कोषमा रकम जम्मा गरिने छैन । तर त्यस्तो कर्मचारीलाई लगाइएको अभियोग प्रमाणित नभई निलम्बन फुकुवा भएमा कार्यालयले निजले पाउने तलब वापतको रकमबाट कट्टा गरी निलम्बनमा रहेको अवधिको उपदफा (१) बमोजिमको एकमुष्ट रकम कोषमा जम्मा गर्नु पर्नेछ । (३) कोषले यस दफा बमोजिम कार्यालयबाट प्राप्त भएको रकम तोकिएको अवधिभित्र कर्मचारीको व्यक्तिगत खातामा नियमित रुपले जम्मा गर्नु पर्नेछ ।

९. निवृत्तभरण पाउने :

१. बीस वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरी सेवाबाट अलग भएका कर्मचारीले कोषबाट मासिक रुपमा देहाय बमोजिमको हिसाबले आजीवन निवृत्तभरण पाउनेछ :-

(१) बीस वर्ष सेवा अवधि पूरा गरेको कुनै कर्मचारीको निवृत्तभरण लिनु अगावै वा निवृत्तिभरण लिएपछि मृत्यु भएमा निजको सगोलको पति वा पत्नीलाई कर्मचारीले

पाउने निवृत्तभरण रकमको पचास प्रतिशत रकम पारिवारिक निवृत्तभरणको रुपमा दिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मृत्यु भएको कर्मचारीको सगोलको पति वा पत्नी नभएमा, पारिवारिक निवृत्तभरण लिन थालेपछि त्यस्तो पति वा पत्नीको मृत्यु भएमा वा त्यस्तो पति वा पत्नीले अर्को विवाह गरेमा मृत्यु भएको कर्मचारीको नाबालिग सन्तान अठार वर्ष उमेर नपुगेसम्म त्यस्तो पारिवारिक निवृत्तभरण पाउनेछ। (३) उपदफा (२) बमोजिम कुनै कर्मचारीको एकभन्दा बढी नाबालिग सन्तानले पारिवारिक निवृत्तभरण पाउने अवस्थामा त्यस्तो निवृत्तभरण दामासाहीले उपलब्ध गराइनेछ ।

१०. <u>सेवाबाट अलग भएमा रकम पाउने :</u>

(१) कुनै कर्मचारी बीस वर्ष सेवा अवधि पूरा नहुँदै जुनसुकै कारणवश सेवामा नरहेमा निजको व्यक्तिगत खातामा जम्मा भएको रकम, व्याज र मुनाफा समेत निजले एकमुष्ट रुपमा पाउनेछ ।

(२) कुनै कर्मचारीको बीस वर्ष सेवा अवधि पूरा नहुँदै मृत्यु भएमा निजको व्यक्तिगत खातामा जम्मा भएको रकम, सोको ब्याज तथा मुनाफा समेत निजले इच्छाएको व्यक्तिले एकमुष्ट रुपमा पाउनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मृत्यु भएको कर्मचारीले कसैलाई नइच्छाएको वा इच्छाएको व्यक्तिको समेत मृत्यु भईसकेको अवस्थामा त्यस्तो कर्मचारीको देहायको नाता पर्नेमध्ये क्रम अनुसारको जीवित नातेदारले त्यस्तो रकम पाउनेछ :- (क) सगोलको पति वा पत्नी, (ख) सगोलको छोरा, छोरी, विधवा छोरा बुहारी, (ग) सगोलको बाबु,

आमा, विवाहिता महिलाको हकमा सासू, ससुरा, (घ) सगोलको बाजे, बज्यै र छोरापट्टिको नाति, नातिनी, (ङ) भिन्न बसेको पति वा पत्नी, (च) भिन्न बसेको छोरा, अविवाहिता छोरी, विधवा छोरा बुहारी, (छ) भिन्न बसेका बाबु, आमा,

(४) कर्मचारीले कोषबाट रकम फिर्ता पाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. तलबबाट कट्टी भएको रकम र सोको ब्याज मात्र पाउने : यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएमा निजको मासिक तलबबाट कट्टी भएको रकम र त्यस्तो रकमबाट प्राप्त गरेको ब्याज मात्र निजले फिर्ता पाउनेछ ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत